08 February 2025

**सबैभन्दा पहिला आजका मुख्य समाचार**

UP

- **दिल्ली विधानसभामा दुई तिहाई बहुमत ल्याएर भारतीय जनता पार्टी २७ वर्षपछि सरकार बनाउन सक्षम**
- **प्रधानमन्त्री श्री मोदीले दिल्लीका जनताप्रति गर्नुभयो आभार प्रकट**
- **झूटा वाचाहरूद्वारा जनतालाई भ्रमित गर्न नसकिने गृहमन्त्रीको मनतव्य**
- **प्रधानमन्त्री श्री नरेन्द्र मोदी सोमबारदेखि फ्रान्स र अमेरिकाको भ्रमणमा जानु हुँदै**
- **राष्ट्रिय खेलकूदमा ३९ स्वर्ण पदक जितेर सेना शीर्षमा, अनि**
- **इन्डियन सुपर लिग फुटबल प्रतियोगितामा अहिले इस्ट बङ्गाल र चेन्नई माझ भिडन्त हुँदै**

**दिल्ली चुनाउ परिणाम**

भारतीय जनता पार्टी भाजपा २७ वर्षको अन्तरालपछि दिल्लीमा सरकार बनाउन सक्षम भएको छ। भाजपाले सत्तारूढ आम आदमी पार्टीलाई पराजित गरेर दिल्लीको सत्ता आफ्नो बनाएको हो। भाजपाले दुई-तिहाई बहुमत प्राप्त गरेको छ।

दिल्ली विधानसभा चुनाउको मतगणना आज बिहान शुरु भयो। ७० सदस्यीय दिल्ली विधानसभा चुनाउको परिणाम अनुसार भाजपाले 48 सिट जितेको छ।

आम आदमी पार्टीले 22 सिट जितेको छ ।

चुनाउमा कंग्रेसले एउटै पनि सिट जित्न सकेन।

नयाँ दिल्ली सिटबाट आम आदमी पार्टीका प्रमुख श्री अरविन्द केजरीवाल, पूर्व उपमुख्यमन्त्री श्री मनीष सिसोदिया, पूर्वमन्त्री श्री सत्येन्द्र जैन र श्री सौरभ भारद्वाज पराजित हुने प्रमुख नेताहरू हुन्।

श्री केजरीवालले जनादेशलाई स्वीकार गर्दै भाजपालाई जीतका लागि बधाई दिनुभएको छ।

**प्रधानमन्त्री - दिल्ली चुनाउ**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दिल्ली विधानसभा चुनावमा भारतीय जनता पार्टीलाई प्राप्त जनादेशका लागि दिल्लीका जनताप्रति आभार प्रकट गर्नुभएको छ। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्रीले पार्टीलाई दिइएको यो अद्भुत र ऐतिहासिक जनादेशका लागि दिल्लीका जनताप्रति आभार व्यक्त गर्नुभएको छ।

श्री मोदीले भन्नुभएको छ, यो भाजपाको ग्यारेन्टी हो, पार्टीले दिल्लीको विकास गर्न, जनताको समग्र जीवनस्तर सुधार गर्न र विकसित भारत निर्माणमा दिल्लीको नेतृत्वदायी भूमिका सुनिश्चित गर्न कुनै कसर बाँकी राख्ने छैन।

प्रधानमन्त्रीले भारतीय जनता पार्टीले अझ बढी दृढ संकल्पका साथ काम गर्ने र दिल्लीका जनताको सेवा गर्ने बताउनु भएको छ।

**अमित शाह- दिल्ली चुनाउ**

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले दिल्लीका जनताले झूटा वाचाहरूद्वारा जनतालाई भ्रमित गर्न सकिंदैन भनेर देखाएको बताउनु भएको छ। दिल्ली विधानसभा चुनावको परिणामप्रति प्रतिक्रिया दिंदै उहाँले भन्नुभयो, मानिसहरूले यमुना प्रदूषण, फोहोरी खाने पानी, भत्किएका सडकहरू, भरिएको नाली र हरेक सडकमा मदिरा पसलहरूको विरुद्धमा मतदान गरेका छन्। उहाँले दिल्लीमा भाजपाको ठूलो जितको लागि कार्यकर्ताहरूलाई बधाई पनि दिनुभयो।

रक्षामन्त्री श्री राजनाथ सिंहले दिल्ली विधानसभा चुनाउमा भाजपाको जित प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा विश्वासको जित भएको बताउनु भएको छ। जनताले प्रधानमन्त्रीको विश्वसनीयता र सुशासनको राजनीतिमाथि विश्वास व्यक्त गरेको उहाँले बताउनु भएको छ।

भाजपा अध्यक्ष श्री जगत प्रकाश नड्डाले भन्नुभएको छ, यो ऐतिहासिक जनादेशले दिल्लीको उज्ज्वल भविष्यको लागि प्रधानमन्त्री श्री मोदीको दृष्टिकोणमाथि जनताको विश्वासलाई प्रतिबिम्बित गर्दछ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**फ्रान्स - प्रधानमन्त्री यात्रा**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी सोमबारदेखि फ्रान्स र अमेरिकाको भ्रमणमा जाँदै हुनुहुन्छ। उहाँको भ्रमण विशेष गरी कृत्रिम बुद्धिमत्ता, रक्षा व्यापार र रणनीतिक साझेदारीमा केन्द्रित रहनेछ। श्री मोदीले फ्रान्सेली राष्ट्रपति श्री इमानुएल म्याक्रोनसँग पेरिसमा एआई एक्सन समिटको सह-अध्यक्षता गर्नुहुनेछ। यस बैठकमा, एथिकल एआई, शासन र वैश्विक नियामक ढाँचामाथि विशेष छलफल हुनेछ। वार्ताको एजेन्डामा रक्षा सहयोग र आर्थिक सम्बन्ध प्रमुख रूपमा समावेश छन्। प्रधानमन्त्रीले मार्सेलीको पनि भ्रमण गर्नुहुनेछ, जहाँ उहाँले प्रथम विश्वयुद्धमा मारिएका भारतीय सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु हुनेछ। उहाँले कूटनीतिक सम्बन्धलाई सुदृढ पार्न नयाँ भारतीय वाणिज्य दूतावासको पनि उद्घाटन गर्ने कार्यक्रम छ।

प्रधानमन्त्री श्री मोदी फ्रान्सबाट वाशिंगटनको लागि प्रस्थान गर्नुहुनेछ, जहाँ उहाँले अमेरिकी राष्ट्रपति श्री डोनाल्ड ट्रम्पलाई भेट्नुहुनेछ। दोस्रो पटक अमेरिकी राष्ट्रपति बनेपछि श्री मोदी र श्री ट्रम्पको यो पहिलो भेट हुनेछ। दुई नेताहरू बीचको द्विपक्षीय वार्तामा व्यापार, रक्षा सहयोग र आप्रवासनका मुद्दाहरू समावेश हुनेछन्।

**महाकुम्भ**

उत्तर प्रदेशको प्रयागराजमा जारी महाकुम्भ मेलामा त्रिवेणी संगममा धेरै प्रमुख व्यक्तित्वहरूले पवित्र स्नान गरिरहेका छन्। अहिलेसम्ममा ४१ करोडभन्दा धेरै भक्तजनले पवित्र स्नान गरिसकेका छन् र लाखौं भक्तजनहरू अझै पनि संगममा पुगिरहेका छन्।

महाकुम्भमा तीन अमृत स्नान, मकर संक्रान्ति, मौनी अमावस्या र बसन्त पञ्चमीपछि पनि भक्तहरूको जोश र उत्साहमा कुनै कमी आएको छैन। राजनीति, सिनेमा र खेलकुद जगतसँग सम्बन्धित व्यक्तित्वहरूले पनि संगममा धार्मिक स्नान गरिरहेका छन्। उपराष्ट्रपति श्री जगदीप धनखड, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री श्री अमित शाह, बलिउड अभिनेता श्री अनुपम खेर, श्रीमती हेमा मालिनी र श्री राजकुमार राव, पूर्व क्रिकेटर श्री सुरेश रैना, बक्सर श्री विजेन्द्र सिंह र सुश्री मेरी कोम, ब्याडमिन्टन स्टार तथा ओलम्पिक पदक विजेता सुश्री साइना नेहवालले पनि पवित्र संगममा डुबकी लगाएका थिए।

यसबाहेक राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले पनि सोमबार संगममा पवित्र स्नान गर्नुहुनेछ। १३ जनवरीमा सुरु भएको यो महाकुम्भ मेला २६ फरवरीसम्म जारी रहनेछ। महाकुम्भ मेला सकिन अझै १८ दिन बाँकी छ र भक्तजनको संख्या ५० करोड नाघ्ने अपेक्षा गरिएको छ।

**राष्ट्रिय खेलकूद**

उत्तराखण्डमा भइरहेको राष्ट्रिय खेलकुदमा एथलेटिक्स र जिमनास्टिक प्रतियोगिताहरू आजदेखि सुरु भएका छन्। देहरादुनमा भएको दश हजार मिटर दौडमा रोमाञ्चक प्रतिस्पर्धा देखिएको थियो। पुरुष वर्गमा हिमाचल प्रदेशका सावन बरवालले स्वर्ण पदक जिते। महाराष्ट्रका किरण महात्रेले रजत र मध्य प्रदेशका विनोद सिंहले कांस्य पदक जिते।

महिला तर्फ महाराष्ट्रकी संजीवनी जाधवले पहिलो स्थान प्राप्त गर्दै स्वर्ण पदक जितिन्। यस प्रतियोगितामा उत्तराखण्डका खेलाडीहरूले रजत र कांस्य पदक जिते।

आज नै चम्पावतमा रिवर र्‍याफ्टिङ प्रतियोगिता पनि सुरु भयो।

सेना ३९ स्वर्ण पदक जितेर पदक तालिकाको शीर्ष स्थानमा रहेको छ भने  कर्नाटक तीस स्वर्ण पदकसहित दोस्रो स्थानमा रहेको छ।

यसैबीच, साइकिलिङ स्पर्धामा राष्ट्रिय खेलकूदमा सिक्किमको प्रतिनिधित्व गरिरहेका असिम शर्मा र गणेश परसाईले उत्कृष्ट प्रदर्शन गर्ने आशा व्यक्त गरेका छन्। साइकलिङ प्रतियोगिता भोलिदेखि भीमतालमा शुरु हुनेछ।

**इन्डियन सुपर लिग**

इन्डियन सुपर लिग फुटबल प्रतियोगितामा अहिले कोलकातामा इस्ट बङ्गाल र चेन्नई एफसीमाझ भिडन्त शुरु भएको छ।

यसभन्दा अघि, हैदराबादमा हैदराबाद एफसी र मोमदन स्पोर्टिङ क्लबमाझ भएको खेलमा हैदराबाद **3-1** गोलले विजय भएको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

**UP**

- **दिल्ली विधानसभामा दुई तिहाई बहुमत ल्याएर भारतीय जनता पार्टी २७ वर्षपछि सरकार बनाउन सक्षम**
- **प्रधानमन्त्री श्री मोदीले दिल्लीका जनताप्रति गर्नुभयो आभार प्रकट**

- झूटा वाचाहरूद्वारा जनतालाई भ्रमित गर्न नसकिने गृहमन्त्रीको मनतव्य
- प्रधानमन्त्री श्री नरेन्द्र मोदी सोमबारदेखि फ्रान्स र अमेरिकाको भ्रमणमा जानु हुँदै
- राष्ट्रिय खेलकूदमा ३९ स्वर्ण पदक जितेर सेना शीर्षमा, अनि
- इन्डियन सुपर लिग फुटबल प्रतियोगितामा अहिले इस्ट बङ्गाल र चेन्नई माझ भिडन्त हुँदै